# कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१

**प्रस्तावनाः** कोशी प्रदेश सरकार प्रतिको जनआस्था बृद्धि गरी मन्त्रिपरिषद् सदस्यहरुको प्रतिष्ठालाई उच्च राख्दै, मन्त्रिपरिषद् सदस्यबाट व्यक्तिगत एवम् सामुहिक रुपमा हुने कार्यसम्पादनलाई स्वतन्त्र, निष्पक्ष र पारदर्शी रूपमा सञ्चालन गर्न एवं प्रदेश सरकारबाट हुने काम कारवाहीलाई उत्तरदायी, पारदर्शी, जनसहभागितामुलक, मितव्ययी तथा जवाफदेही बनाई सुशासन प्रवर्द्धन गर्न र मन्त्रिपरिषद् सदस्यको आचरण र व्यवहारका विषयमा आधारभूत मानकहरु निर्धारण गरी नियमन गर्न वाञ्छनीय भएकोले प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा २२ र ४५ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो आचारसंहिता बनाई जारी गरेको छ।

१. **संक्षिप्त, नाम र प्रारम्भः** (१) यो आचारसंहितको नाम **"कोशी प्रदेश सरकार, मन्त्रिपरिषद्का सदस्यले पालना गर्नुपर्ने आचारसंहिता, २०८१"** रहेको छ।

(२) यो आचारसंहिता प्रदेश राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा:-

(क) **"आचरण"** भन्नाले मन्त्रिपरिषद् सदस्यबाट पालन गर्नुपर्ने व्यवहार, वानी, व्यहोरा, चालचलन वा चरित्र समेतलाई सम्झनुपर्छ।

(ख) **"नातेदार"** भन्नाले परिवारका सदस्य बाहेक आफ्नो आमापट्टी र बाबुपट्टिका नजिकका साइनो पर्ने हजुरबुबा, हजुरआमा, काका, काकी, बडाबा, बडीआमा, भतिजा, भतिजी, मामा, माइजु, सानिआमा, सानाबाबु, भान्जा, भान्जी, फुपू, फुपाजु, दाजु, भाउजु, भाइ, बुहारी, ज्वाइँ, नन्द, आमाजु लगायतका सदस्यलाई सम्झनुपर्छ।

(ग) **"परिवार"** भन्नाले आफूसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु वा सौतेलो बाबु वा धर्म बाबु, आमा वा सौतेनी आमा वा धर्म आमा, बाजे, बज्यै तथा सासु, ससुरालाई समेत सम्झनुपर्छ।

(घ) **"मन्त्री"** भन्नाले मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्रीलाई सम्झनुपर्छ।

(ङ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशमा रहेका मन्त्रालय सम्झनुपर्छ। सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत सम्झनुपर्छ।

(च) **"मन्त्रिपरिषद्"** भन्नाले कोशी प्रदेश सरकारको मन्त्रिपरिषद् सम्झनुपर्छ।

(छ) **"सदस्य"** भन्नाले मन्त्रिपरिषद्को सदस्य सम्झनुपर्छ।

३. **आचरणको पालनाः** (१) यस आचारसंहिताको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

(२) सदस्यहरुले देहाय बमोजिमको आचरण पालना गर्नुपर्दछः

(क) सार्वजनिक हित, स्वार्थ र मन्त्रालयको मर्यादालाई सर्वोपरी राखी आफूलाई सुम्पिएको जिम्मेवारी स्वतन्त्र, निश्पक्ष, इमान्दार र उत्तरदायी भई पूरा गर्नुपर्दछ।

(ख) आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै अवाञ्छनीय प्रभाव पार्न हुँदैन र पदीय मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसंग अवाञ्छित सम्पर्क राख्नु हुँदैन। कार्य फछ्यौट गर्ने प्रयोजनका लागि विशेष परिस्थितिमा बाहेक कम्तीमा दिनको दुई घण्टा मन्त्रालयमै रही मन्त्रालयको कामसँग सम्बन्धित व्यक्तिसँग मात्र भेटघाट गर्नुपर्दछ।

(ग) आफ्नो पद र पदीय मर्यादा कायम राखी सदैव अनुशासनमा वस्नुपर्दछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहारका साथै नेपाल सरकारद्वारा स्वीकृत "सामाजिक सेवाको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका २०८०" मा भएको व्यवस्था समेत पालना गर्नुपर्दछ।

(घ) आफ्नो मन्त्रालय र मन्त्रालय मातहतका निकायहरु भए सो निकायका कर्मचारीहरु प्रति सदैव मर्यादित व्यवहार गरी कामप्रति उत्प्रेरणा जगाउने वातावरण वनाउनु पर्दछ।

(ङ) नेपालको संविधान, प्रचलित सङ्घीय कानून, प्रदेश कानून, नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय महासन्धी तथा सन्धी सम्झौतामा जनाइएको प्रतिवद्धता र त्यसमा अन्तरनिहीत मानवअधिकार तथा अन्तराष्ट्रिय मानवीय कानूनको सिद्धान्त र मूल्य मान्यताप्रति प्रतिवद्ध रही मानवीय मर्यादाको सम्मान र संरक्षण गर्दै आफ्नो कार्यसम्पादन गर्नुपर्छ। साथै प्रचलित कानूनको पालना गर्न उत्प्रेरित गर्ने र आफूलाई आदर्श व्यक्तिको भूमिकामा प्रस्तुत गर्नुपर्दछ।

(च) कुनै विदेशी राष्ट्रका कुटनितिज्ञ, कुटनितिक प्रतिनिधीका साथै जुनसुकै अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थामा कार्यरत पदाधिकारी, प्रतिनिधि वा विदेशी नागरिक र अन्य विदेशी नागरिकसँग औपचारिक भेट गर्नु पर्ने भएमा भेटको उद्देश्य वारे जानकारी लिई मुख्यमन्त्रीबाट पूर्व स्वीकृति लिई नेपाल सरकारद्वारा जारी मापदण्ड बमोजिम मात्र भेटघाट गर्नु पर्दछ। यसरी भेटघाट हुँदा भएका छलफल तथा निर्णयबारे आफ्नो मन्त्रालयमा अभिलेख राखी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई समेत लिखित जानकारी गराउनु पर्दछ।

(छ) कुनै बिषयमा सार्वजनिक अभिव्यक्ति दिंदा सामाजिक सद्भाव, जातीय द्वेष भड्किने तथा मित्रराष्ट्रसँगको सुमधुर सम्बन्धमा प्रतिकूल असर वा खलल नपर्ने गरी अभिव्यक्ति दिनु पर्दछ ।

(ज) मन्त्रिपरिषद्को बैठकमा प्रस्तुत हुने प्रस्तावमा मुख्यमन्त्रीको स्वीकृति लिई आफ्नो भनाई राख्नुपर्ने र बैठकमा शिष्टतापूर्वक प्रस्तुत हुनु पर्दछ।

(झ) आफूले सम्पादन गर्नुपर्ने कुनै कार्यका सम्बन्धमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो कारोवार निजसंग प्रत्यक्ष रुपमा सम्बन्धित भएमा मुख्यमन्त्रीलाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट अलग रहनु पर्दछ।

(ञ) आफ्नो कार्यसम्पादनको सिलसिलामा प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने विषयमा गोपनियता कायम राख्नु पर्दछ।

(ट) गैरकानूनी काम कारवाही गर्नु गराउनु हुँदैन र त्यस्तो कार्य गर्ने उपर कानून बमोजिम कारवाही गर्न गराउन प्रयत्नशील रहनु पर्दछ।

(ठ) आफ्नो मन्त्रालयको पुँजिगत एवम् चालुतर्फको वजेट, कार्यक्रम र आय व्ययको विवरण तथा आवधिक कार्यप्रगति आ-आफ्नो मन्त्रालयको वेभसाइटमा नियमित (प्रकृति अनुसार) दैनिक, मासिक वा अन्य आवधिक रुपमा अद्यावधिक गरी राख्नुपर्ने र सोको विवरण सार्वजनिक गरी उत्तरदायित्व र पारदर्शिता कायम राखु पर्दछ।

(ड) आफ्नो मन्त्रालयसँग सम्बन्धित वजेट तथा कार्यक्रमको सञ्चालनमा प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिद तथा विषयगत प्रचलित ऐन नियमका साथै अन्य निर्धारित मापदण्ड र गुणस्तरियताको पालना गर्ने गराउने तर्फ सचेत र क्रियाशिल रहनु पर्दछ।

(ढ) हरेक क्रियाकलाप सदाचारपूर्ण हुनुपर्दछ। सदाचार विपरीतका कार्य वा सदाचार विपरीत देखिने कुनैपनि कार्य गर्नबाट सदैव अलग रहनुपर्दछ।

(ण) आफ्नो परिवार, नातेदार वा अन्य सामाजिक सम्बन्धका व्यक्तिहरुलाई आफूले सम्पादन गर्ने कार्य वा निर्णयमा अनुचित प्रभाव पार्न दिनु हुँदैन। साथै आफ्नो वा आफ्नो परिवारका सदस्य, स्वकीय तथा निजी सचिवालयका कर्मचारी वा अरु कसैको नीजि स्वार्थ पूर्तिका लागि आफ्नो पदीय हैसियतको दुरुपयोग गर्नु वा गर्न दिनु हुँदैन।

(त) आफ्नो र आफ्नो परिवारका सदस्यको नाममा रहेको चल तथा अचल सम्पतिको विवरण शपथ लिएको ६० दिनभित्र तोकिएको ढाँचामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्नुपर्दछ। साथै सर्वसाधारणको जानकारीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सो विवरण

वेभसाइटमा राख्ने तथा सञ्चारका अन्य माध्यमबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्दछ।

(थ) मन्त्री आफैले, कर्मचारी, स्वकीय सचिव वा आफ्नो परिवारको सदस्यमार्फत आफ्नो कामसँग सम्बन्धित व्यक्तिहरुसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिशन वा गैरकानूनी रुपमा रकम प्राप्त गर्न गराउन हुँदैन तर कुनै अन्तर्राष्ट्रिय संस्था वा सरकारी निकायबाट कार्यक्रमको सिलसिलामा औपचारिक रूपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन।

(द) मन्त्रीले सदैव पेशागत निष्ठाका साथ कार्यसम्पादन गर्नु पर्दछ र आम जनतालाई सुशासनको प्रत्याभूति दिलाउन प्रयत्नशील रहनु पर्दछ।

(ध) आफ्नो आचरण र व्यवहार प्रदेश कार्यपालिका प्रति जनताको आस्था र विश्वास बढाउने किसिमको उच्च नैतिकतायुक्त हुनु पर्दछ साथै सदैव आफैंले र अरुले समेत गौरव गर्न सक्ने उच्च नैतिक आचरणमा रहनु पर्दछ।

(न) कानून बमोजिम सार्वजनिक संस्था वा अन्य व्यक्ति वा निकायलाई आफू र आफ्नो परिवारका सदस्यले तिर्नु/बुझाउनुपर्ने कर, शुल्क, महसुल लगायत अन्य हिसाव यथासमयमा फर्स्यौट गरी शुद्ध आचरण प्रस्तुत गर्नु पर्दछ।

(प) सदैव पदीय मर्यादा अनुकुल हुनेगरी मर्यादित पोशाकमा प्रस्तुत हुनु पर्दछ। तर मन्त्रिपरिषद् बैठक, प्रदेश सभा बैठक र अन्य औपचारिक कार्यक्रममा औपचारिक पोशाकमा उपस्थिति हुनु पर्दछ। मन्त्रिपरिषद् बैठक र प्रदेश सरकारका औपचारिक कार्यक्रममा मुख्यमन्त्री र प्रमुख अतिथि उपस्थित हुनु अगावै मन्त्रीहरू उपस्थित हुनुपर्दछ।

(फ) सदैव खर्चिलो र भड्किलो नभई मितव्ययी सामाजिक व्यवहार प्रदर्शन गर्नु पर्दछ।

(ब) मन्त्रिपरिषद्मा विचाराधीन रहेको विषय मन्त्रिपरिषद्बाट निर्णय नभएसम्म व्यक्तिगत रुपमा सञ्चार माध्यमलाई उपलब्ध गराउनु वा अन्य कुनै तरिकाले सार्वजनिक गर्नु हुँदैन।

(भ) कानून बमोजिम गोप्य राख्नुपर्ने विषय बाहेक अन्य विषयमा सञ्चार माध्यम वा अन्य सरोकारवालाहरुलाई जानकारी दिँदा आदेशको मर्यादाक्रम वा प्रवक्ता मार्फत मात्र दिनु पर्दछ।

(म) मन्त्रिपरिषद् सदस्य स्वअध्ययनशील हुनु पर्दछ। साथै आफ्नो मन्त्रालय वा मातहतका कर्मचारी एवम् सहयोगीहरुलाई समेत अध्ययनशील हुन प्रोत्साहन

गर्नु पर्दछ। यसको लागि आवश्यकतानुसार तालिम, गोष्ठी, अन्तरक्रिया वा अवलोकन भ्रमण समेतको आयोजना गरी क्षमता विकास गर्ने कार्यलाई प्राथमिकतामा राख्नु पर्दछ।

(य) यस आचारसंहिता लेखिएका कुनै विषय प्रचलित सङ्घीय तथा कोशी प्रदेशको ऐन, नियमावली तथा अन्य प्रचलित कानूनसँग बाझिएमा सो बाझिएको हद सम्म प्रचलित कानूनमा लेखिएको कुरा नै मान्य हुनेछ।

४. **भ्रमण सम्बन्धी व्यवस्थाः** (१) मन्त्रीहरूले प्रदेशको राजधानी बाहिर भ्रमण गर्नुपर्ने भएमा मुख्यमन्त्रीबाट पूर्व स्वीकृति लिएर मात्र भ्रमण गर्नु पर्दछ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति लिँदा भ्रमणको प्रयोजन तथा भ्रमण गर्ने स्थान स्पष्ट रुपमा खुलेको हुनुपर्दछ।

(३) प्रदेशभित्र भ्रमण गर्नुपर्दा सोको जानकारी लिखित रूपमा आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई दिनुपर्दछ। आकस्मिक रूपमा भ्रमण गर्नुपर्दा वा लिखित रूपमा जानकारी गराउन नसकिने स्थितिमा मौखिक जानकारी दिनु पर्दछ।

(४) भ्रमण गर्दा सामान्यता आफ्नो मन्त्रालयसँग सम्बन्धित कार्यक्रमका विषयमा मात्र सहभागी हुनुपर्दछ। अन्य मन्त्रालयसँग सम्बन्धित कार्यक्रममा सहभागी हुनुपर्ने भएमा सम्बन्धित मन्त्री र मुख्यमन्त्रीसँग समन्वय गरेर मात्र भ्रमण गर्नुपर्दछ।

(५) राष्ट्रिय तथा प्रादेशिक महत्वका कार्यक्रमहरू बाहेक अन्य कार्यक्रममा प्रदेश सरकारका एक भन्दा बढी मन्त्रीहरू एउटै मञ्चमा सहभागी हुने परम्परालाई निरुत्साहित गर्नुपर्दछ।

(६) भ्रमण गर्दा मितव्ययी, कम खर्चिलो साधन र माध्यमको प्रयोग गर्नुपर्दछ। मन्त्रीको भ्रमणको क्रममा सरकारी खर्चमा सामान्यत बढीमा चार जना (अंग रक्षक, स्वकीय/ नीजि सचिव र सवारी चालक ) मात्र सहभागी गराउन सकिनेछ।

(७) आफ्नो गृह जिल्लामा भ्रमण गर्दा दैनिक भ्रमण भत्ता लिने प्रवृत्तिलाई सम्भव भएसम्म निरुत्साहित गर्नुपर्दछ।

(८) आफ्नो भ्रमणका क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित बिषयमा बाहेक अन्य मन्त्रालयसँग सम्बन्धित बिषयमा नागरिकका गुनासा वा सुझावहरू प्राप्त भएमा तत्-तत् मन्त्रालयमा आवश्यक जानकारी एवम् कारवाहीका लागि लेखी पठाउनु पर्दछ। एक भन्दा बढी मन्त्रालयसँग सम्बन्धित र महत्वपूर्ण गुनासा वा सुझावहरू प्राप्त भएमा मन्त्रिपरिषद् बैठकमा समेत छलफल गर्न सकिनेछ।

(९) निजि प्रयोजनका लागि भ्रमणमा जाँदा मुख्यमन्त्रीलाई जानकारी गराई जानु पर्दछ

र त्यस्तो भ्रमणमा भएको कुनै पनि खर्च सरकारी कोषबाट भुक्तानी लिन पाइनेछैन।

(१०) भ्रमणाबाट फर्केपछि आफ्नो प्रतिवेदन अनिवार्य रूपमा मुख्यमन्त्रीलाई पेश गर्नुपर्दछ।

(११) सरकारी कामको सिलसिलामा स्वदेश एवम् विदेश भ्रमण गर्दा भएको खर्चको विवरण मासिक रूपमा सार्वजनिक गर्नुपर्दछ।

**५. समन्वय कायम गर्नेः** (१) प्रत्येक सदस्यले आफ्नो मन्त्रालयको कार्यसम्पादनका क्रममा सरोकारवाला व्यक्ति वा निकायसँग सम्बन्धित विषय भएमा समन्वय कायम गरी सहभागितात्मक रुपमा कार्य गराउने प्रयत्न गर्नुपर्दछ।

(२) कामको सिलसिलामा सङ्घ, प्रदेश र स्थानीय तहसम्बन्धी प्रचलित संवैधानिक एवम् कानूनी व्यवस्था बमोजिम शासनका संवाहकबीच आवश्यकतानुसार समन्वय गर्नुपर्दछ।

(३) कुनै कार्यक्रममा सहभागी हुन सबै मन्त्रीलाई निमन्त्रणा प्राप्त भएमा उक्त कार्यक्रममा सहभागी हुने सिलशिलामा सम्बन्धित कार्यक्षेत्र हेर्ने मन्त्रालयसँग समन्वय गरी कार्यक्रमको महत्व र सान्दर्भिकतालाई हेरी कार्यक्रममा सहभागी हुन समन्वय गर्नुपर्दछ।

**६. विविधः** (१) प्रत्येक सदस्य संविधान, कानून, नीति र मन्त्रालयको कार्यक्षेत्रगत विषयका साथै समग्र प्रदेशको विकासको लागि मान्य सिद्धान्त एवम् नवीनतम अवधारणासँग सदैव परिचित र अध्यावधिक रही त्यसको परिपालना गर्न प्रतिबद्ध रहनु पर्दछ।

(२) यस आचारसंहिताको पालना भए नभएको सम्बन्धमा मुख्यमन्त्रीले अनुगमन गर्ने वा गराउनु पर्दछ र यसरी अनुगमन गर्दा आचारसंहिता पालना भएको नदेखिएमा सचेत गराउनु पर्दछ।

(३) प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही मुख्यमन्त्री र मन्त्री सामुहिक रुपमा प्रदेश सभाप्रति उत्तरदायी हुनु पर्दछ र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा मुख्यमन्त्री र प्रदेश सभाप्रति जवाफदेही हुनुपर्दछ।

(४) यस कार्यविधिमा लेखिएका कुनै विषय प्रचलित सङ्घीय तथा प्रदेश कानूनसँग बाझिएमा सो बाझिएको हदसम्म प्रचलित कानूनमा लेखिएको कुरा नै मान्य हुनेछ।

(५) यो आचारसंहिता लागू भएपछि यसअघि स्वीकृत भएको प्रदेश नं १ प्रदेश मन्त्रिपरिषद्का सदस्यको आचारसंहिता, २०७५ स्वतः खारेज हुनेछ।